# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, पुस २१ गते २०५२ साल (अतिरिक्ताङ्क ३८ (घ)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

माननीय वाणिज्य मन्त्री श्री फत्तेसिंह थारू भारतको नयाँ दिल्लीमा हुने सार्क सदस्य राष्ट्रहरूका वाणिज्य मन्त्रीहरूको बैठकमा भाग लिन २०५२ साल पुस २३ गते त्यसतर्फ जानुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनुभएको वाणिज्य मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय भूमिसुधार तथा व्यवस्था मन्त्री श्री बुद्धिमान तामाङले सम्हाल्नु हुनेछ ।

### सूचना २

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम संवैधानिक परिषद्को सिफारिशमा देहायका व्यक्तिहरूलाई लोक सेवा आयोगको सदस्यमा नियुक्त गरिबक्सेको छ ।

| | |
|---|---|
| १. श्री योगेन्द्रनाथ ओझा– | सदस्य |
| २. डा. योगेन्द्रमानसिंह प्रधान– | सदस्य |
| ३. श्री वेदव्यास क्षेत्री– | सदस्य |
| ४. डा. मधुनिधि तिवारी– | सदस्य |

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।